# कसरी विषयको आधारमा ट्रेड यूनियन बन्दै गयो ?

● विष्णु रिमाल

२००३ साल फागुन २० गतेबाट शुरु भएको नेपालको ट्रेड यूनियन आन्दोलनले आफूलाई विषयका आधारमा संगठित गरेको थिएन । भारतीय राजनीति र त्यही अनुरूपको ट्रेड यूनियन आन्दोलनको प्रतिछाँया हाम्रो देशमा स्थापित गऱ्यो । कमरेड मनमोहन अधिकारीले नेतृत्व गर्नु भएको अखिल नेपाल ट्रेड यूनियन काँग्रेस निर्माण गर्दा कुन विषयको क-कसलाई सदस्य बनाउने भन्दा पनि शारिरीक श्रम गर्ने भेटेजति सबैलाई अखिल नेपाल ट्रेड यूनियन काँग्रेसको सदस्य बनाउने नीति लिइयो । र, नेतृत्वमा त्यस वखत प्रभावित रहेका जुट, कटन, केमिकल मील जस्ता संगठित उद्योगका "व्लु कलर" हरूको बोलावाला रहेकोले अनेट्रेयूकाँग्रेसले त्यही लाइनको मात्रै मागहरू मूलरूपमा अघि साऱ्यो । परिणामरुवरूप ००८ साल आईपुग्दा नपुग्दै यातायात क्षेत्रका मजदुरहरूले आफ्नो विषय अनुरूप नेपाल ड्राईभर्स संघ बनाए । यसै गरि "हवाइट कलर" (प्रशासनिक कर्मचारी) हरूले अखिल नेपाल न्यूनवैतनिक कर्मचारी संघ बनाए । यी दुई संघहरूको घोषण स्वतःस्फूर्तरूपमा "विषयगत अभियान" को थालनी थियो । २००७ सालदेखि ०१७ सम्म यस्तै-यस्तै रह्यो ।

०१७ देखि ०३६ को अवधिमा हाम्रो देशको ट्रेड यूनियन आन्दोलन "अन्धकार" को अवधिको रूपमा रह्यो । भएका आन्दोलनहरू स्थानीय रूपमा भए तर, "विषयगत" वा "छ्यास्मिस्" सँग त्यसको कुनै लेना- देना रहेन । ०३५/०३६ को आन्दोलनसँगै अरु तह र तप्काका जनताको जस्तै मजदुर क्षेत्र पनि आन्दोलित भयो । आन्दोलनलाई समन्वय गर्न आन्दोलनका तत्कालिन नेताहरूले ट्रेड यूनियनलाई राष्ट्रियरूपमै संगठित गर्ने योजना गरे । आन्दोलनको गति औद्योगिक क्षेत्रमा बढि भएकोले शुरुमा "नेपाल औद्योगिक मजदुर यूनियन" बनाउने सोच तत्कालिन नेतृत्वमा रहेको भएपनि सोही समय आन्दोलित पूर्व-पश्चिम राजमार्गमा कार्यरत २५ हजार भन्दा बढि मजदुरहरू र अन्य क्षेत्रलाई हेरेर पूर्व सोचलाई थोरै परिमार्जन गर्ने धारणा अघि बढ्यो । २०३६ साल माघ १५-१८ गते बालाजुमा गठन गरिएको

“नेपाल स्वतन्त्र मजदुर यूनियन” त्यही परिमार्जित सोचको परिणाम थियो। नेस्वमयूको गठन पहिलेको अनेट्रेयूकाँको अस्तित्वलाई जारी राख्ने मनसायले गरिएकोले “यो अखिल नेपाल ट्रेड यूनियन काँग्रेसका उत्तराधिकारी संस्था हो” भन्ने घोषणासमेत गरियो। अर्थात, नेस्वमयूलाई गठन गर्दा त्यसले सम्पूर्ण उद्योग/व्यवसायमा काम गर्ने मजदुर यूनियनको “छाता” संस्थाको रूपमा काम गर्नु पर्ने अन्तरसोच रहेको थियो। त्यसैले त्यसको नाम “नेपाल स्वतन्त्र मजदुर यूनियन” मात्रै राखियो, “मजदुर” शब्द अघि औद्योगिक वा अन्य व्यवसाय जनाउने शब्द प्रयोग गरिएन।

तर, त्यतिखेर (०३६ सालमा) पनि ००७ साल तिर रहेको एउटा कमी दोहोरिन गयो। नेतृत्वमा लगभग सबै नै औद्योगिक क्षेत्रका मजदुर नेताहरू रहन पुगे। र, स्वभाविक रूपमा नेस्वमयूको मागहरूमा संगठित औद्योगिक जगतको मात्रै समस्याहरू प्रतिविम्वित हुन् पुग्यो। परिणाम ००७ सालतिर कै जस्तो निस्कियो। ०३७ सालको शुरुमै यातायात क्षेत्रका मजदुरहरूले आफूहरू नेस्वमयूमा नरहेको नेस्वमयूले यातायात क्षेत्रको माग र समस्या उठाउन नसक्ने भएकोले) जनाउँदै ०३६ सालको श्रावण महिनामै सम्पूर्ण यातायात मजदुरहरूको प्रतिनिधिमूलक संगठन “नेपाल यातायात स्वतन्त्र मजदुर संगठन” गठन गरिसकेको सूचना प्रचारित गरे। ०३५/०३६ को आन्दोलनसँगै पुर्नसंगठित समकालीन ट्रेड यूनियन आन्दोलनमा आफ्नो संगठन सबै भन्दा जेठो भएको दावीसहित उनीहरूले आफूलाई २००८ सालमा गठित नेपाल ड्राइभर्स (चालक) संघको उत्तराधिकारी रहेको समेत घोषणा गरे।

तत्कालिन नेस्वमयू नेतृत्वमा पनि एक हिसावको अन्तरविरोधपूर्ण मनस्थिति थियो। एकातिर, यसरी नयाँ संघहरू बन्दै गए भने “मजदुर आन्दोलन कमजोर हुन्छ” भन्ने भ्रमपूर्ण सोच थियो भने अर्कातिर नेस्वमयूले त घोषणा मुताविक “छाता संस्था” (महासंघ) को भूमिका निर्वाह गर्नु पर्छ भन्ने सोच पनि विद्यमान थियो। जे भएपनि वहस तीव्र भएन वा भनौं नेतृत्वमा “विषयगत यूनियन निर्माण” रणनीतिक महत्वको हिसावले पनि वहसको मुद्दा बन्न सकेन। परिणामस्वरूप आन्दोलनले आफै बाटो समात्यो- स्वतः स्फूर्तरूपमा विषयको आधारमा नै ट्रेड यूनियन आन्दोलन संगठित हुन् थाल्यो।

०३६ सालमा संगठित ज्याला आर्जकहरूको ट्रेड यूनियनमा शिक्षकहरूको संगठन सबै भन्दा प्रभावि एवं शक्तिशाली थियो। जसको नेपालको प्रगतिशील राजनीतिमा सार्है उल्लेखनीय भूमिका छ। नेपाल राष्ट्रिय शिक्षक संगठनले आफूलाई विषयकै आधारमा संगठित गरेकोले पनि अरु उद्योग/व्यवसायमा कार्यरतहरूले आफूलाई पनि विषयकै आधारमा संगठित गर्न शुरु गरे। तर, तिनिहरू मध्ये कतिपयहरू संख्या र प्रभावको आधारमा “सानो” रहेकोले ओभ्झेलमा परे वा पारिए। २०३६

सालमै काठमाडौं उपत्यका तदर्थ समिति गठन गरिसकेको नेपाल स्वतन्त्र प्रेस मजदुर यूनियनलाई “ऐन मौकामा उपयोग गर्ने तर, मूलधार भित्र मान्यता नदिने” हाम्रो तत्कालिन नीति यस सन्दर्भमा जिउँदो उदाहरण हो ।

२०३७ सालको फागुन महिनामा होटल तथा पर्यटन क्षेत्रका मजदुरहरूले आफूलाई नेस्वमयूबाट अलग गरे तर, उनीहरूले नेराशिसंले झैं आफूलाई ट्रेड यूनियन आन्दोलनको मूलधारबाट अलग गरेनन्। होटल मजदुरहरूको यो अत्यन्तै सहि निर्णय थियो । र, यसरी संगठित नेस्वहोमयूको आजको हैसियत, “नीति सहि थियो” भन्ने प्रस्थापनाको उदाहरण हो ।

हामीले चाहे पनि नचाहे पनि सहि कुरालाई समयले आफै अभिव्यक्त गर्दछ। नेस्वमयू धाराबाट प्रेस, यातायात र होटल क्षेत्र अलग भएपछि यो अभियानले अरु तिव्रता पायो। २०४० वैशाखमा ट्रेकिङ्ग क्षेत्रका मजदुरहरूले आफ्नो पेशा-व्यवसाय अनुरूपको माग सुत्रबद्ध गर्न र त्यो क्षेत्रको मजदुरहरूलाई आन्दोलित गर्न नेस्वमयू पर्याप्त नभएकोले “नेपाल ट्रेकिङ् मजदुर संघ” को घोषणा गरे। यसरी हेर्दाहेर्दै नेस्वमयू बाहेक अन्य ४ वटा विषयगत यूनियनहरू हाम्रो आन्दोलन भित्र क्रियाशील हुन् पुगे ।

समयक्रममा नेस्वमयू- आन्दोलनभित्र नयाँ सोच विकास भयो। यो ज्ञान, व्यवहारबाट आर्जन गरिएको ज्ञान थियो । चाहेर होस् वा नचाहेर अब वनिसकेका ४ वटा संघको आन्दोलन नेस्वमयूसँग जोड्ने वा नेस्वमयूले संयोजित नगरि नहुने परिस्थिति पैदा भयो। नेस्वमयूका अगाडि केवल दुईवटा बाटा थिए। पहिलो, नेस्वमयूलाई स्थापना कालीन सोचअनुरूप सम्पूर्ण ट्रेड यूनियनहरूको महासंघ घोषणा गर्ने। दोस्रो, नेस्वमयूलाई यथावत रहन दिएर नयाँ महासंघ घोषणा गर्ने। यदि पहिलो विकल्पमा जाने हो भने नेस्वमयू बाहेक अर्को “औद्योगिक मजदुर यूनियन” घोषणा गुर्न पर्थ्यो-अन्यथा, अरु नयाँ संघहरूले आफू नेस्वमयूको छातामा नअट्ने जिकिर गर्न सक्थे। नेस्वमयूलाई यथावत रहन दिएमा त्यसभित्र रहेका कतिपय उद्योगमा कार्यरत मजदुरहरूले विषयको आधारमा अरु यूनियन निर्माण गर्न सक्ने प्रवल सम्भावना ज्यूँ का त्यूँ थियो ।

द्विविधापूर्ण यही स्थितिमा केही घटनाहरू घटे। २०४३ साल पुस ९ गते काठमाडौंको त्रि-चन्द्र क्याम्पसमा सम्पूर्ण गार्मेण्ट मजदुरहरूको भेला भयो। भेलाले नेपाल स्वतन्त्र गार्मेन्ट मजदुर यूनियन नामक विषयमा आधारित ट्रेड यूनियन गठन गर्ने परिकल्पना गऱ्यो। त्यो भेलाको नेतृत्व गर्ने योजनाकारहरूमा नेस्वमयूकै विभिन्न तहमा कार्यरत व्यक्तिहरू थिए। त्यसैले नेस्वगामयूले वैधानिकता पाउन नेस्वमयूको केन्द्रीय नेतृत्वको “आशिर्वाद” आवश्यक थियो। यही प्रयोजनका लागि भक्तपुरको सूर्यविनायकमा पिकनिकको रूपमा “घोषणा भेला” आयोजना गरियो र

नेस्वमयूको यस क्षेत्रको केन्द्रीय नेतालाई आमन्त्रण गरियो। केन्द्रीय नेताले भेलालाई सम्बोधन गर्दै गार्मेण्ट मजदुरहरूको त्यो प्रयत्न "फुटपरस्त र नेस्वमयूलाई कमजोर गर्ने उद्देश्यले प्रेरित भएको" घोषणा गरे। भेलालाई भाँडीदिए। यसले गार्मेण्ट मजदुरहरूमा उत्साह थपेन उनीहरू निरुत्साहित भए। अझ कतिपय गार्मेण्ट मजदुर नेताहरू नेस्वमयूको उल्लेखित नेताहरूको वक्रदृष्टिमा परेकाले आन्दोलनबाट पलायन भए।

तर, नेस्वमयूको मूलनेतृत्व भने आन्दोलनप्रति अन्त्यन्त संवेदनशील थियो। त्यस घटना पछि २०४४ साल वैशाख १९ गते कीर्तिपुरमा ट्रेड यूनियनहरूको महासंघ बनाउने सोचसहित भूमिगत भेला डाकियो। तर, जसलाई प्रस्तावित महासंघको नेता बनाउन खोजिएको थियो सोही व्यक्तिको उपस्थिति हुन् नसकेकोले आयोजित कार्यक्रम स्थगित भयो।

२०४५ साल श्रावण-भाद्रमा काठमाडौंमा टेक्स्टायल मजदुरहरूको ऐतिहासिक हडताल भयो। यो हडताल आमरूपमा नेस्वमयुले आव्हान गरेको भएतापनि प्रत्यक्ष रूपमा काठमाडौं जिल्लामा कार्यरत टेक्स्टायल मजदुरहरूले नै हाँकेका थिए। त्यसैले उनीहरूको माग व्यवस्थित थियो र आन्दोलन गतिशील। त्यो हडताल ४५ दिनपछि उपलब्धीसहित टुँगियो। यसले विषयमा आधारित रहेरै यूनियन निर्माण गरेमा र आन्दोलन गरेमा फाईदा हुन् व्यवहारिक शिक्षासमेत केन्द्रीय नेतृत्वलाई दियो।

यो हडतालसँगै नेस्वमयूले आफ्नो कामलाई अलि संयोजन गऱ्यो। तत्कालीन समयमा बढिरहेको उद्योगहरूको आधारमा नेस्वमयूले विषयगत ईकाई निर्माण गर्दै आन्दोलनलाई परिचालन गर्न थाल्यो। सफाई, पेण्टर, विजुली, निर्माण, गलैंचा आदि क्षेत्रमा तत्कालीन समयमा निर्माण गरिएका नेस्वमयूका इकाई कमिटीहरू यो प्रसंगका उदाहरण हुन्। महासंघ नहुँदा नेस्वमयूले गर्न सक्ने यत्ति नै थियो र त्यो ऐतिहासिक दायित्व त्यसले निर्णय गऱ्यो।

नेस्वमयूले आफ्नो छाताभित्र रहेका व्यवसायलाई विशेष इकाई बनाएर परिचालन गरेपनि छुट्टै यूनियनको रूपमा ०३६ देखि नै कृयाशील ट्रेड यूनियनको कामलाई संयोजन गर्ने वैधानिक अधार ऊसँग थिएन। आकारमा नेस्वमयू ठूलो भएता पनि व्यवहारमा अरु यूनियनहरूले आफ्नो हैसियत नेस्वमयूसरह साँच्नु विल्कुल ठीक थियो। परिस्थितिले पैदा गरेको यही जटिलतालाई हलगर्न हाम्रो ट्रेड यूनियन आन्दोलनले २०४६ साल श्रावण ५ गते नेपाल ट्रेड यूनियन महासंघको स्थापना गऱ्यो र महासंघको स्थापनासँगै नेस्वमयूले विगतमा बोकेको अर्ध-महासंघीय चरित्र र धेरै व्यवसायलाई समेट्ने वैधानिक आधारको अन्त्य भयो। नेस्वमयू अन्य यूनियन जस्तै महासंघको केवल एउटा घटक यूनियन बन्न पुग्यो।

०४६ सालको जन आन्दोलनपछि यूनियन निर्माणमा तिव्रता आयो । कतिपय यूनियन विषयका आधारमा र कतिपय निश्चित ईकाइका आधारमा संगठित भए । विद्यमान परिस्थितिमा "संगठित होउ" भन्ने नारा नै उपयुक्त हुने भएकोले महासंघले आफ्नो पहिलो पोष्टर मार्फत "आफ्नो अधिकार प्राप्तिको लागि उठौं, जागौं र संगठित होऔं" भन्ने सन्देश प्रचारित गऱ्यो । यसलाई एकचरणसम्म क्रियाशील हुन् छुट पनि दियो । र, विभिन्न प्रकृतिका यूनियन गठन पनि भए ।

ट्रेड यूनियन ऐन-०४९ लागू भएपछि हाम्रो छाता बाहिरका ट्रेड यूनियनहरूले हाम्रै देखासिकी गरे । जुन, जुन फाँटमा प्रतिष्पर्धी यूनियन खडा गरे, नराम्रो भएन राम्रै भयो-हामीले यो देशको ट्रेड यूनियन आन्दोलनको दिशा निर्देशित गर्न सक्यौं । तर, धेरै संघ बनाउने होडमा हामीले केही गञ्जागोल पनि श्रृजना गऱ्यौं । जस्तोकी एउटै घरमा काम गर्ने निर्माण मजदुर मध्ये पेण्टर, प्लम्वर, बिजुली र डकर्मी-सिकर्मी लगायत निर्माणकर्मिको ४ वटा संघ बनायौं । जुन अनावश्यक थियो । वर्कशपमा काम गर्ने मध्ये अटो-मेकानिक्स र मोटरसाइकलका फरक-फरक संघ बनायौं । जुन उचित थिएन । पर्यटन उद्योगको ट्राभल लाइनलाई होटलमा राख्ने गल्ति गऱ्यौं र कारखानामा काम गर्ने मजदुरहरूको यूनियन बनाउने नाममा नेस्वमयूभित्र भद्रगोल हुने गरी यूनियन थुपाऱ्यौं ।

यी कमिहरूलाई अन्त्य गर्न महासंघको दोस्रो राष्ट्रिय महाधिवेशनले उद्योगको प्रकृतिका आधारमा संघहरू पुर्नसंयोजित गर्ने नीति अघि साऱ्यो । त्यसलाई हामीले "विषयगत उद्योग अभियान" भनेका छौं । आज हामी नेस्वमयूभित्र रहेका टेक्स्टायल, जुट, कपास, धागो र होजियारी उद्योगमा कार्यरत मजदुर यूनियन र गार्मेण्ट मजदुर यूनियनहरूबीच त्यही विषयको आधारमा एकीकरण भेला मार्फत एउटा संघलाई पुनःसंयोजन गर्दै छौं । यो अत्यन्तै सामयिक छ। यसले न नेस्वमयूलाई कमजोर पार्छ न त गार्मेण्ट क्षेत्रको मागलाई नै ओफेलमा पार्छ । बरु, यसले यो क्षेत्रमा शक्तिशाली ट्रेड यूनियन आन्दोलन हांक्न थप मद्दत गर्दछ ।

**विषयको आधारमा ट्रेड यूनियनको निर्माण अभियान**

| | |
|---|---|
| २००७ | **अखिल नेपाल ट्रेड यूनियन काँग्रेस** |
| | नेपाल ड्राइभर्स संघ |
| २००८ | अखिल नेपाल न्यून - वैतनिक कर्मचारी संघ |
| २०३६ | **नेपाल स्वतन्त्र मजदुर यूनियन** |
| | नेपाल यातायात स्वतन्त्र मजदुर |
| २०३७ | नेपाल स्वतन्त्र होटल मजदुर यूनियन |
| २०४० | नेपाल ट्रेकिङ् मजदुर संघ |
| २०४३ | नेपाल स्वतन्त्र गार्मेण्ट मजदुर यूनियन |
| २०४६ | **नेपाल ट्रेड यूनियन महासंघ** |
| २०४७ | नेस्वगामयू |
| | नेस्वकामयू |
| | नेस्वविमयू |
| | नेस्वसमयू |
| | नेस्वपेमयू |
| | नेप्लस्वमयू |
| | नेस्वनिमयू |
| २०५४ | नेस्वखा-पेमयू |
| | नेस्वके-आमयू |
| | नेस्वटे-गामयू |

पोशाक, संख्या ३, कार्तिक २०५४